# सामुदायिक विद्यालयमा लैङ्गिक समानता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्ष
शिक्षा योजना तथा व्यवस्थापन विषय (कोर्ष नं. ५९८) को
आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

## शोधपत्र


शोधकर्ता
थामनारायण गिरी
क्याम्पस रोल नं. : ७९/२०६४-६६
परीक्षा रोल नं. : २०४००९५/२०६६
त्रि.वि. दर्ता नं. : २२११६-९२



कनकाई बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुरुङ्गा, झापा, नेपाल

वि.सं.२०७५/इ.सं. २०१९

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४००९५/२०६६ का छात्र थामनारायण गिरीले मेरो प्रत्यक्ष निर्देशनमा **सामुदायिक विद्यालयमा लैङ्गिक समानता** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति : २८ नोभेम्बर २०१८

ठाकुरप्रसाद रसाईली
शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था. २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com
प.नं.
च.सं.
मिति :............................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्ष परीक्षा क्रमाङ्क २०४००९५/२०६६ का छात्र थामनारायण गिरीले **सामुदायिक विद्यालयमा लैङ्गिक समानता** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|
| १. सहायक प्रा. मोहनप्रसाद ओली | विभागीय प्रमुख | .............................. |
| २. उपप्रा. ठाकुरप्रसाद रसाईली | शोध निर्देशक | .............................. |
| ३. प्रा.डा. प्रदिपचन्द्र गौतम | बाह्य परीक्षक | .............................. |

मिति : १८ जनवरी २०१९

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो । यो अध्ययन **सामुदायिक विद्यालयमा लैङ्गिक समानता** शीर्षकमा केन्द्रित भएर गरिएको छ ।

यस अनुसन्धानको प्रस्तावना लेखनदेखि शोधपत्र तयार गर्ने क्रममा कार्य व्यस्तताको बावजुद पनि निरन्तर सहयोग, सरसल्लाह, सुझाव एवं कुशल नेतृत्व प्रदान गर्नु भई मार्गदर्शन गर्नुहुने आदरणीय गुरु तथा शोध निर्देशक ठाकुरप्रसाद रसाइलीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अनुसन्धानको क्रममा घरमा सहयोगी वातावरण प्रदान गरी हौसला र प्रेरणा दिनु हुने मेरा आदरणीय बुबा तथा आमाप्रति धन्यवाद भन्न चाहन्छु । त्यसैगरी मेरै जीवन सङ्गिनीलाई धन्यवाद दिन चाहन्छु । साथै शोधपत्रलाई टङ्कण गरिदिनु हुने सौजन्य डेस्कटप बिर्तामोडकी मैया बराललाई पनि धन्यवाद दिन चाहन्छु ।

शोधपत्रको उचित मूल्याङ्कनका लागि कनकाई बहुमुखी क्याम्पस सुरुङ्गालाई विशेष धन्यवाद दिन चाहन्छु ।

--------------

थामनारायण गिरी

# शोधसार

*यो अध्ययन **सामुदायिक विद्यालयमा लैङ्गिक समानता** पहिचान गर्न गरिएको हो । यस अध्ययनको मुख्य उद्देश्य आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूको लैङ्गिक समानताको स्थिति पहिचान गरी लैङ्गिक समानता कायम गर्न देखिएका समस्याहरूको समाधानका उपायहरू प्रस्तुत गर्नु रहेको छ ।*

*यो अध्ययन समग्रमा झापा जिल्लाको सेरोफेरोमा रहेर तयार गरिएको छ । यस अध्ययनमा विषय शीर्षकसँग सम्बन्धित विभिन्न लेखरचना, साहित्यहरूको व्यापक पुनरावलोकन गरिएको छ ।*

*यो अध्ययन समग्रमा मिश्रित ढाँचाको रहेको छ । अध्ययनको उद्देश्य पूरा गर्नका लागि झापा जिल्लाका दुर्गापुर, अनारमनि र शनिश्चरे स्रोतकेन्द्र अन्तर्गत तीनवटा विद्यालयका जम्मा ७८ जना व्यक्तिहरूलाई समानुपातिक स्तरीकृत नमूना छनोट विधिद्वारा छनोट गरिएको छ । अध्ययन सम्पन्न गर्न आवश्यकतानुसार प्राथमिक र द्वितीय स्रोत दुवैको प्रयोग गरिएको छ ।*

*अध्ययनलाई पूर्णता दिनको लागि अन्तर्वार्ता, प्रश्नावली, कक्षा अवलोकन फाराम, विद्यालय सर्वेक्षण फाराम, लक्षित समूहसँग छलफल निर्देशिका जस्ता साधनहरूको प्रयोग गरी आवश्यक तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।*

*अध्ययनको क्रममा विद्यालयमा अध्ययनरत बालबालिकामा लैंगिक समानताको स्थितिमा कमि पाइन्छ । छात्रहरूको तुलनामा छात्राहरू अझै पनि सक्रिय रूपमा शिक्षण सिकाइ क्रियाकलापमा सहभागी नभएको पाइन्छ । छात्रहरूको तुलनामा छात्राहरूको मनोवल कमजोर पाइन्छ । छात्रछात्रामा लैंगिक समानताका लागि विद्यालय, सम्बन्धित निकाय र संघसंस्थाबाट गरिएका विविध प्रयासहरू अपुग देखिन्छन् ।*

*निष्कर्षमा जबसम्म परम्परागत, सामाजिक, सांस्कृतिक, धार्मिक मूल्यमान्यतामा परिवर्तन गरिँदैन तहसम्म छात्राहरूमा जरो गाडेको संकोच, डर, त्रास र भय हटाई उनीहरूको कमजोर मनोबललाई उच्च पार्न सकिँदैन । छात्र र छात्रा दुवैलाई समान अवसर र वातावरण दिई दुवैलाई सक्रिय रूपमा शिक्षण सिकाई क्रियाकलापमा सहभागी गराउनुपर्छ । यसको लागि विद्यालयमा छात्रछात्रामा लैंगिक समानता कायम गराउन*

नीतिगत तहबाट नै प्र.अ., शिक्षक, अभिभावक, वि.व्य.स. र स्वयं विद्यार्थीहरूलाई चेतनशील र सक्रिय बनाउन विभिन्न अभिमुखीकरण कार्यक्रम, तालिम, छात्रावृत्ति, खाद्यान्न कार्यक्रम, परामर्श सेवाको व्यवस्था गरिनु पर्छ । साथै लागू गरिएका ऐन, नियम र नेपाल पक्षबाट छात्रा शिक्षा र लैंगिक समानता सम्बन्धी सन्धि तथा सम्झौताको प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरिनुपर्छ । कार्यान्वयन तह अन्तर्गत विद्यालय, भौतिक पूर्वाधार निर्माण गरिदा लैंगिक मैत्री रूपमा निर्माण गर्ने, शिक्षकबाट छात्रछात्रामा समान सम्बन्ध र व्यवहार गर्ने, विद्यार्थीहरूको बसाइ व्यवस्था समतामूलक बनाउने, छात्राहरूलाई पनि छात्रहरू सरह सक्रिय रूपमा शिक्षण सिकाइ क्रियाकलापमा सहभागी गराउने जस्ता विविध कार्यहरू पर्दछन् ।

अनुसन्धाकर्ताहरूले पनि भविष्यमा छात्रछात्रामा लैंगिक समानता कायम गराउने सम्बन्धमा विविध शीर्षकहरूमा अध्ययन अनुसन्धान गर्नु भई सम्बन्धित सरोकारवाला सबैलाई मार्गदर्शन गर्न सक्नु हुनेछ ।

## विषयसूची

**विषय** **पृष्ठ सङ्ख्या**

### अध्याय एक : परिचय


१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन ३
१.३ अध्ययनको औचित्य ५
१.४ अध्ययनको उद्देश्य ७
१.५ अनुसन्धानात्मक प्रश्नहरू ७
१.६ अध्ययनको परिसीमा ८


### अध्याय दुई : सम्बन्धित साहित्यको समीक्षा र सैद्धान्तिक खाका


२.१ सम्बन्धित साहित्यको समीक्षा ९
२.२ अध्ययनको सैद्धान्तिक खाका १३
२.३ शैक्षिक उपादेयता १६


### अध्याय तीन : अध्ययन विधि


३.१ अनुसन्धानात्मक ढाँचा १७
३.२ जनसङ्ख्या र नमुना १७
३.२.१ जनसङ्ख्या १७
३.२.२ नमुना छनोट १८
३.३ तथ्याङ्कको स्रोत १८
३.३.१ प्राथमिक स्रोत १८
३.३.२ द्वितीय स्रोत १८
३.४ तथ्याङ्क सङ्कलनका साधन १९
३.४.१ अन्तर्वार्ता १९
३.४.२ प्रश्नावली १९
३.४.३ कक्षा अवलोकन फाराम १९
३.४.४ विद्यालय सर्वेक्षण फाराम १९
३.४.५ लक्षित समूहसँग छलफल निर्देशिका २०
३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २०
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २०


### अध्याय चार : नतिजा विश्लेषण


४.१ सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाको लैंगिक समानता २१

४.१.१ शिक्षक र छात्रछात्राबीचको सम्बन्ध २२
४.१.२ शिक्षकबाट छात्र र छात्राप्रति गरिने व्यवहार २४
४.१.३ शिक्षण सिकाइ क्रियाकलापमा छात्र र छात्राको सहभागिता २५
४.१.४ शिक्षण सिकाइमा छात्र र छात्राबीचको अन्तरक्रिया २७
४.१.५ विद्यार्थीहरूको बसाइ व्यवस्था २८
४.१.६ छात्र र छात्राको समान सहभागिता अतिरिक्त क्रियाकलापमा २९
४.१.७ छात्र र छात्राप्रति उनीहरूको अभिभावकको धारणा ३०
४.१.८ छात्र र छात्राको नियमितताको अवस्था ३१
४.२ विद्यालयमा लैङ्गिक समानता कायम गर्न देखिएका समस्याहरू ३२
४.२.१ अभिभावकहरूमा चेतनाको कमी ३२
४.२.२ विद्यार्थी स्वयंमा चेतनाको कमी ३३
४.२.३ विद्यालयको भौतिक पूर्वाधार लैंगिक मैत्री नहुनु ३४
४.२.४ शिक्षकमा तालिमको अभाव ३४
४.२.५ पाठ्यपुस्तकमा लैंगिक समानता सम्बन्धि विषयवस्तुको कमी ३५
४.२.६ विद्यालय व्यवस्थापन समितिको भूमिका प्रष्ट नहुनु ३६
४.२.७ महिला शिक्षिकाको कमी ३६
४.२.८ वि.नि. र स्रोतव्यक्तिहरूबाट विद्यालयमा नियमित सुपरिवेक्षणको अभाव ३७
४.३ लैङ्गिक समानता कायम गर्नका लागि गरिनुपर्ने कार्य ३७
४.३.१ भौतिक सुधार ३७
४.३.२ शैक्षिक सुधार ३८

**अध्याय पाँच : प्राप्ति, निश्कर्ष र सुझाव**

५.१ प्राप्ति ४१
५.२ निष्कर्ष ४३
५.३ सुझाव ४५
५.३.१ नीति निर्माण तह ४६
५.३.२ कार्यान्वयन तह ४७
५.३.३ अनुसन्धान तह ४९
सन्दर्भ सामग्री सूची
अनुसूचीहरू

## तालिकासूची

तालिका १ : शिक्षण सिकाइमा शिक्षक र छात्रछात्रावीचको सम्बन्ध २३
तालिका २ : शिक्षकबाट छात्र र छात्रा विद्यार्थी प्रति गरिने व्यवहार २४
तालिका ३ : शिक्षण सिकाइ क्रियाकलापमा छात्र र छात्राको सहभागिता २६
तालिका ४ : शिक्षण सिकाइमा छात्र र छात्रा वीचको अन्तरक्रिया २७
तालिका ५ : छात्र/छात्रा नियमितताको अवस्था ३१